प्रमाणित

आज मिति २०८०।११।१७ गते विहिवार दिनको २:०० बजे मिथिला नगरपालिकाको सभा हलमा नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा निम्न अनुसारको उपस्थितमा देहाय अनुसारको प्रस्तावहरुमा छलफल गर्न नगर कार्यपालिकाको बैठक बस्यो ।

**उपस्थिति**

| क.स. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्र वहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्गदन | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री अशोक कुमार भण्डारी | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

प्रमाणित

# मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

**मिति २०८०।११।१७**

बैठकका प्रस्तावहरु:

१. मिथिला नगरपालिकाको १३औं नगर सभा (हिउँदे अधिवेशन) सम्बन्धमा ।
२. कर्मचारालाई ईन्धन,मर्मत तथा सञ्चार सुविधा सम्बन्धि मापदण्ड,२०८० सम्बन्धमा।
३. आर्थिक सहायता सम्बन्धमा ।
४. इनार मर्मत सम्बन्धमा ।
५. घ वर्गको इजाजत पत्र दिने सम्बन्धमा ।
६. मठ,मन्दिर तथा संस्था दर्ता गर्ने सम्बन्धमा ।
७. राष्ट्रिय परिचयपत्र इकाई थप गर्ने सम्बन्धमा ।
८. वडा नं.१ को कार्यालयको घरभाडा माग भएको सम्बन्धमा ।
९. जिर्ण अवस्थामा रहेको सोलार पोल वति व्यवस्थापन सम्बन्धमा ।
१०. गनिनाथ मन्दिरको डि.पि.आर गर्ने सम्वन्धमा ।
११. स्वास्थ्य चौकी तुलसी चौडाको भवन मर्मत ।

## बैठकका निर्णयहरु:

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा मिथिला नगरपालिकाको १३औं नगर सभा (त्रिउँदे अधिवेशन) मिति २०८० साल फाल्गुन २१ गते सोमवार संचालन गर्ने भनी निर्णय भएकोमा प्राविधिकरण मिति २०८० साल फाल्गुन २७ गते आइतबार विहान ११:०० बजे संचालन गर्ने निर्णय गरियो।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा कर्मचारालाई ईन्धन,मर्मत तथा सञ्चार सुविधा सम्बन्धि मापदण्ड, २०८० लाई स्वीकृत गर्ने निर्णय गरियो ।

# कर्मचारीलाई ईन्धन, मर्मत तथा सञ्चार सुविधा सम्बन्धि मापदण्ड, २०८०

**प्रस्तावनाः** प्रशासनिक खर्चमा मितव्ययिताको साथै कर्मचारी मनोबल उच्च राखी सेवा प्रवाहको गुणात्मकता बृद्धि गर्नका लागि मिथिला नगरपालिकाको नगर सभाले दिएको अधिकार प्रयोग गरि नगरकार्यपालिकाले यो मापदण्ड बनाई लागु गरेको छ ।

## परिच्छेद -१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क. यो मापदण्डको नाम "कर्मचारीलाई इन्धन, मर्मत तथा सञ्चार सुविधा सम्बन्धी मापदण्ड, २०८० रहेको छ ।

ख. यो मापदण्ड मिथिला नगरपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा र व्याख्याः**

क. "कर्मचारी" भन्नाले मिथिला नगरपालिका र मातहतका वडा कार्यालयमा कार्यरत अप्राविधिक र प्राविधीक दुवै प्रकृतीका कर्मचारीलाई बुझाउँछ ।

ख. "कार्यालय" भन्नाले मिथिला नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

ग. अधिकार प्राप्त अधिकारी भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ ।

## परिच्छेद -२
## इन्धन, मर्मत तथा सञ्चार सुविधा सम्बन्धी व्यवस्था

**३. इन्धन, मोबिल र मर्मत सुविधाः-**

क. मिथिला नगरपालिकाका सरकारी तथा निजी सवारी साधन प्रयोग गरि नियमित रुपमा कार्यालयमा आउने कार्मचारीलाई **अनुसूची -१** बमोजिमको इन्धन, मोबिल र मर्मत सुविधा उपलब्ध हुनेछ ।

ख. कार्यालयले इन्धन सुविधा वितरणको अभिलेख अद्यावधिक गरि राख्नु पर्नेछ ।

ग. वडा कार्यालयमा कार्यरत कर्मचारीले नगरपालिकाको कार्यालय र वडा कार्यालयबाट दोहोरो नपर्ने गरि सुविधा लिनु पर्नेछ ।

घ. चारपाङ्ग्रे वा सो भन्दा ठुला सवारी साधन संचालनको लगबुक भरि तोकिएको अधिकारीले प्रमाणित गरेको हुनु पर्नेछ ।

ङ. **अनुसूची -१** मा तोकिएको इन्धन सुविधा पाउने कर्मचारी १ महिना भन्दा बढी समय विदामा रहेको भए निजले सो अवधिको इन्धन सुविधा प्राप्त गर्ने छैन साथैं १५ दिन भन्दा बढी १

महिना भन्दा कम विदा बसेको भए दामासाही हिसाबले सो महिनाको इन्धन सुविधा प्रास गर्नेछ ।

च. अतिथि शिर्षकमा इन्धन उपलब्ध गराउनुपर्ने भएमा नगर प्रमुखको समन्वयमा अधिकार प्रास अधिकारीको स्वीकृतीमा मात्र उपलब्ध गराउनु पर्नेछ र सोको छुट्टै अभिलेख खाता व्यवस्थापन गरि प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराउनु पर्नेछ ।

छ. इन्धन उपलब्ध गराउन प्रशासन शाखाले सिफारिस गर्नेछ, इन्धन सम्बन्धि अभिलेख आर्थिक प्रशासन शाखाले राख्नु पर्नेछ ।

ज. तोकिएको कोटाको इन्धन सुविधा प्रत्येक महिना बुझिलिनु पर्नेछ ।

झ. श्रेणी बिहिन कर्मचारीलाई कार्यालयको सूचना तथा चिठिपत्रको सन्देश सम्प्रेषण गर्न तथा थप कामकाजमा लगाउन परेमा अधिकार प्रास अधिकारीले आचश्यक्ता अनुसार थप इन्धन उपलब्ध गराउन सक्नेछ ।

ञ. इन्धनको सुविधाको अभिलेख व्यवस्थित गरि इन्धनको कुपनलाई एकद्वार प्रणाली गरि आर्थिक प्रशासन शाखाबाट मात्र कुपन जारी गरि कुपनमा नम्बरिङ्ग समेत गरि संचालन गरिनेछ ।

ट. स्थानीय सुरक्षा निकायहरुलाई नगर प्रमुखको आदेश बमोजिम आवश्यक्तानुसार इन्धन सुविधा उपलब्ध गराईनेछ ।

**४. कर्मचारी सञ्चार सुविधा:-**

क. मिथिला नगरपालिकामा सञ्चार सुविधा प्रास गर्ने कर्मचारीको सञ्चार सुविधा अनुसूची -२ बमोजिमको हुनेछ ।

## अनुसूची -१
## इन्धन, मोबिल र मर्मत सुविधा

| क्र.सं. | तह/पद | परिमाण | | मोबिल तथा मर्मत | कैफियत |
|---|---|---|---|---|---|
| | | पेट्रोल | डिजल | | |
| १ | प्रमुख प्रसासकीय अधिकृत | | ८० | सरकारी सवारी साधनको हकमा सवारी साधनको प्रकृति बमोजिम औचित्य पुष्टि हुने गरि | |
| २ | अप्राविधिकः अधिकृत स्तर (मोटरसाईकल/स्कुटर) | १२ | | सरकारी सवारी साधनको हकमा प्रति महिना रु. १००० का दरले वार्षिक रु. १२००० मा नबढ्ने गरि | |
| ३ | प्राविधिकः अधिकृत स्तर/सहायक स्तर (मोटरसाईकल/स्कुटर) | १५ | | सरकारी सवारी साधनको हकमा प्रति महिना रु. १००० का दरले वार्षिक रु. १२००० मा नबढ्ने गरि | |
| ४ | अप्राविधिकः सहायक स्तर (मोटरसाईकल/स्कुटर) | १० | | सरकारी सवारी साधनको हकमा प्रति महिना रु. १००० का दरले वार्षिक रु. १२००० मा नबढ्ने गरि | |
| ५ | वडा सचिव | १२ | | सरकारी सवारी साधनको हकमा प्रति महिना रु. १००० का दरले वार्षिक रु. १२००० मा नबढ्ने गरि | |
| ६ | श्रेणी विहिन | ५ | | सरकारी सवारी साधनको हकमा प्रति महिना रु. १००० का दरले वार्षिक रु. १२००० मा नबढ्ने गरि | |

अनुसूची – १ मा जे सुकै लेखेको भएता पनि आवश्यक्तानुसार प्रमुख प्रशासकीय अधिकृतले कर्मचारीहरुलाई थप इन्धन उपलब्ध गराउन सक्नेछ ।

# अनुसूची -२
## संचार सुविधा

| क्र.सं. | पद/तह | मासिक रुपमा प्राप्त हने संचार खर्च (रु. मा) |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | २५०० |
| २ | सूचना अधिकारी | २००० |
| ३ | शाखा प्रमुख | १००० |
| ४ | वडा सचिव/प्राविधिक | १००० |
| ५ | उपशाखा प्रमुख | ५०० |

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा विभिन्न वडा तथा निकायहरुबाट आर्थिक सहयोग माग भएकोमा तपसिलमा उल्लेखित रकम तथा विलमा उल्लेख भएको रकमहरु उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१.ईलाका प्रहरी कार्यालयको प.स.०८०/०८१ च.नं.१५ मिति २०८०/०६/१० गतेको पत्रानुसार आवश्यक सहयोग माग गर्ने भनी पत्र पठाइएकोमा ग.त.आ.बमा उक्त निकायको सिफारिसमा फर्महरुलाई भुक्तानी दिदाँ वेरुजु कायम भएकोले उक्त विल अनुसारको रकम ईलाका प्रहरी कार्यालय, ढल्केवर, धनुषाको खातामा सवारी मर्मत शिर्षकबाट भुक्तानी दिने।

२. मिथिला नगरपालिका वडा न.१० प.स.०८०/०८१ च.नं. ८१५ मिति २०८०/१०/०४ गतेको पत्रानुसार भुक्तानी माग भएकोमा लालगढ युवा समाजलाई आगामी हिउदेँ अधिवेशनबाट वजेट व्यवस्था गर्ने ।

३. महेन्द्र बहुमुखी कलेज शिल्यानास कार्यक्रममा भएको खर्चको अनुमोदन सहितको विविध खर्च शिर्षकबाट भुक्तानी गर्ने ।

४.सामुदायिक विद्यालयहरुको अर्ध बार्षिक तथा बार्षिक परिक्षाको प्रश्न पत्र तथा उत्तरपुस्तिका छपाई लगायतका अन्य खर्चहरु सम्वन्धि भएको खर्चको भुक्तानी नगर शिक्षा कोषबाट दिने ।

५.सामुदायिक विद्यालयहरुको विभिन्न मिति परिक्षा संचालन भै सोमा लागेका खर्चहरुको नगर शिक्षा समितिको निर्णय अनुसार भुक्तानी भएको अनुमोदन गर्ने बाँकी लेखा शाखमा पेश भएका विद्यालयहरुको भुक्तानी नगर शिक्षा कोषबाट दिने ।

६. दशै, तिहार तथा छठको उपलक्षयमा शुभकामना आदनप्रदान कार्यक्रममा भएको खर्चको विल भरपाई अनुसारको रकम विविध शिर्षकबाट भुक्तानी दिने ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा विभिन्न वडाहरुबाट ईनार मर्मतका लागि वजेट माग भएकोमा तपसिलमा उल्लेखित ईनार मर्मत गर्न मर्मत सम्भार कोषबाट प्रति ईनार रु.५०,०००/००(पचास हजार) का दरले रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१.मिथिला नगरपालिका वडा नं. २ को योगेन्द्र महतोको जग्गाको ईनारमा ।
२.मिथिला नगरपालिका वडा नं. २ को जाकिर अन्सारीको जग्गाको ईनारमा।
३. मिथिला नगरपालिका वडा नं. ८ को सौखिलाल मण्डलको जग्गाको ईनारमा ।
४. मिथिला नगरपालिका वडा नं. ७ को मोदराम यादवको घर अगाडीको ईनारमा ।
५. मिथिला नगरपालिका वडा नं. ७ को सुना लामाको घर अगाडीको ईनारमा ।
६. मिथिला नगरपालिका वडा नं. १ को कामेश्वर महतोका जग्गाको ईनारमा ।
७. मिथिला नगरपालिका वडा नं. १ को सुकुम्वासी वस्तिको ईनारमा ।
८. मिथिला नगरपालिका वडा नं. १ को आन्दपुरको लखिचन यादवको जग्गाको ईनारमा ।

९. मिथिला नगरपालिका वडा नं. ५ को लक्ष्मी महतोको जग्गाको ईनारमा ।
१०. मिथिला नगरपालिका वडा नं. ५ को संजिव यादवको जग्गाको ईनारमा ।
११. मिथिला नगरपालिका वडा नं.१०को खोक्सी माझि टोलको सार्वजानिक ईनारमा ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा घ वर्गको इजाजत पत्र दिने सम्बन्धमा नगर प्रमुख ज्यूको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतद्धारा प्रमाण पत्र जारी गर्ने निर्णय गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा मठ,मन्दिर तथा संघसंस्था दर्ता गर्ने सम्बन्धमा वडा कारयालयको सिफारिसको आधारमा नगर प्रमुख ज्यूले सिफारिस गरी सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

निर्णय नं.७) प्रस्ताव नं.७ मा छलफल गर्दा राष्ट्रिय परिचयपत्र इकाईको अवधि थप गर्नका लागि सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.८) प्रस्ताव नं.८ मा छलफल गर्दा वडा नं.१ को कार्यालयबाट घरभाडा माग भएकोमा घरभाडा शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.९) प्रस्ताव नं.९ मा छलफल गर्दा बर्षे देखि जिर्ण अवस्थामा रहेको सोलार पोलवति व्यवस्थापन गर्ने सम्वन्धमा उक्त जिर्ण अवस्थामा रहेको पोलवतिलाई टावर लाईट तथा सोलरवतीमा परिवर्तन गरी पुनः आवश्यकता अनुसारको स्थानमा प्रयोग गर्ने निर्णय गरियो ।

निर्णय नं.१०) प्रस्ताव नं.१० मा छलफल गर्दा गनिनाथ मन्दिरको डि.पि.आर गर्ने सम्बन्धमा माग भएकोमा नगरपालिका स्तरिय सेवा परामर्श शिर्षकबाट रु.५(पाचँ) लाख उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.११) प्रस्ताव नं.११ मा छलफल गर्दा स्वास्थ्य चौकी तुलसी चौडाको भवन मर्मत गर्ने सम्बन्धमा माग भएकोमा नगरपालिका स्तरिय मर्मत सम्भार शिर्षकबाट बढीमा रु.१ लाख १६ हजार उपलब्ध गराउने निर्णय गरियो ।